# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौलाखर्क, सोलुखुम्बु

प.स. : ०७५/०७६
च.न :

१ नं. प्रदेश, नेपाल
मिति : २०७५/११/१४

**दोस्रो पटक प्रकाशित मिति:- २०७५/११/१४**

**बिषयः- वोलपत्र सम्बन्धी सुचना प्रकाशन गरिएको ।**

यस गाउँपालिकाबाट सडक स्तरोन्नती, नयाँ ट्रयाक खोल्ने कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकाले स्थानीय निर्माण व्यवसायीहरु मध्ये बाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१) बोलपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनको ४.०० बजे भित्र आ.व. २०७५/७६ सम्मको नविकरण भएको इजाजत प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी, निवेदन र कार्यालयले तोकेको दस्तुर (फिर्ता नहुने गरी) तिरी यस लिखु पिके गाउँपालिकाको कार्यालय सोलुखुम्बु बाट फाराम प्राप्त गर्न सकिने छ।

२) बोलपत्र फारामहरु ८ औं दिनको १२ बजे भित्र सिलबन्दी गरि खाममा सम्बन्धित ठेक्का नं र निर्माण व्यवसायीको नाम लेखी लिखु पिके गाउँपालिकाको कार्यालय, चौलाखर्क सोलुखुम्बुमा पेश गर्नु पर्ने छ।

३) नियमानुसार पेश गरेको बोलपत्रहरु ८ औं दिनको २.०० बजे कार्यलय ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहोवरमा यस कार्यलयमा खोलिने छ। ठेकेदार वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४) जमानत बापतको रकम कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम चौलाखर्कमा स्थित सिटिजन बैंक इन्टरनेसनलमा रहेको यस कार्यालयको धरौटी खाता नं ०७२००००००४ CA मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा नव्वे दिन म्याद राखी नेपाल राष्ट्र बैंकवाट 'क' वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुवाट जारी भएको (विडवण्ड ) बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

५) बोलपत्रमा आफुले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्ने छ। यदी अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

६) बोलपत्र स्विकृत गर्ने,आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

७) म्याद नाघी, रित नपुगी र शर्त राखी पेश भएका बोलपत्र उपर कुनै कारवाही हुने छैन।

२०७५/११/१४
प्रमुख प्रशासकिय अधिकृत